# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१



वर्ष ३८ | अंक २१५ | बुटवल | २०८३ साउन २९ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday August 14, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini


## देउवाको चेतावनी :

# जनताभन्दा ठूलो शक्ति अरू कोही हुन्न

**लुम्बिनी संवाददाता**

*बुटवल*

झण्डै पाँच महिना लामो विदेश बसाईपछि स्वदेश फर्किएका नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले आफूसँग तत्कालीन राजा ज्ञानेन्द्र शाहले नसकेको टिप्पणी गर्दै अरूले नसक्ने दाबी गरेका छन् । बिहीबार स्वदेश फर्किएपछि कांग्रेसको संस्थापन इतर पक्षको चुनदेवीस्थित सम्पर्क कार्यालयमा पार्टी नेताकार्यकर्ता तथा शुभेच्छुकलाई सम्बोधन गर्दै देउवाले यस्तो बताएका हुन् ।

'मलाई अन्तर्राष्ट्रिय क्रिमिनल कोर्टमा समेत मुद्दा हाले । त्यसपछि कोर्टले कुनै पनि हालतमा हामी शेरबहादुरलाई पक्राउ गर्दैनौं, पक्रेर कामै छैन । उसको वाइफ र उसलाई पक्राउ गर्दैनौं भन्यो,' देउवाले भने-'यहीँ पनि मुद्दा हाल्यो । फाटाहा छन् यहाँ ।' नेपालको अदालतले समेत आफू र पत्नी डा. आरजु राणा देउवालाई पक्राउ नगर्नु भनेर आदेश दिएको उनले बताए । उनले भने-'अदालतले शेरबहादुर र आरजुलाई नपक्रिनु भनेर आदेश दियो । तै पनि बदमासी गऱ्यो ।'

सम्पत्ति शुद्धीकरण आयोग लगाएर पटक-पटक मुद्दा चलाउन खोजिएको पनि देउवाले बताए । 'एकपल्ट सम्पत्ति शुद्धीकरण आयो । केही पनि छैन भन्यो । दोस्रोपल्ट आयो, केही छैन भन्यो । उसलाई निकालिदियो,' उनले भने-'यतिसम्म बदमासी काम गरेको छ । तर, म बढ्ता कुरा गर्नेवाला छैन ।' देशमा जनता र अदालत पनि रहेकाले जनता र अदालत सबै जानेको देउवाले बताए । 'यो देशको जनता छ, यो देशको अदालत छ । सबले जानेको छ । बुझेको छ ।'- उनले भने ।

उनले त्यसपछि तत्कालीन राजा ज्ञानेन्द्र शाहले पनि आफूसँग नसकेको टिप्पणी गरे । 'यिनीहरूलाई भोलिदेखि हामीले देखाएर छोड्छौं । राजा ज्ञानेन्द्रले त सकेन, अरूले सक्छ यहाँ ।'- देउवाले भने ।

उनले आफू शक्ति प्राप्तिका लागि नभई राष्ट्रिय एकता सुदृढ गर्न फर्किएको बताएका छन् । उनले मुलुकमा बढिरहेको राजनीतिक असन्तुष्टि, पुस्तान्तरणको बहस र सामाजिक विभाजनलाई सम्बोधन गर्न प्रतिशोधभन्दा मेलमिलाप र सहकार्यको बाटो रोज्नुपर्नेमा जोड दिएका छन् । स्वास्थ्य उपचारपछि पहिलोपटक सार्वजनिक धारणा राख्दै देउवाले नेपाली कांग्रेससहित सबै राजनीतिक दलले जनताको बदलिँदो आकांक्षालाई आत्मसात् गर्दै लोकतन्त्र, संविधान र राष्ट्रिय एकताको संरक्षणमा केन्द्रित हुनुपर्ने बताएका हुन् ।

देउवाले जनता नै देशका मालिक भएको बताउँदै जे जनताले चाह्यो त्यही हुने बताएका छन् । बिहीबार स्वदेश फर्किपछि चुनदेवीस्थित कांग्रेस संस्थापन इतरको सम्पर्क कार्यालयमा नेता कार्यकर्तालाई संक्षिप्त सम्बोधन गर्दै देउवाले यस्तो बताएका हुन् । 'संविधानसभाले ल्याएको हो, गणतन्त्र' देउवाले भने-'मैले चाहँदा आएको पनि होइन, मैले चाहेर जाँदैन पनि ।' जनता नै मालिक भएको बताउँदै उनले अगाडि भने, 'नेपाली जनता सबैभन्दा ठूलो कुरा हो, नेपाली जनता नेपालको मालिक हो, यो मालिकले जे भन्यो त्यही हुन्छ ।'

नेपाली जनता र नेपाली अदालतमाथि आफूलाई पूरा विश्वास रहेको पनि देउवाले जनाए । 'सर्वोच्च अदालत पञ्चायतकालदेखि नै निष्पक्ष न्याय दिएको अदालत हो, यो अदालतप्रति मलाई पूरा विश्वास छ ।'- देउवाले भने । आफू भोलिका दिनमा पनि लडिरने देउवाले बताए । देउवाले चारबुँदे अपिल जारी गरेका छन् । लिखित सन्देशमा उनले आफू नेता बनेर होइन आजीवन नागरिक बनेर फर्किएको उल्लेख गरेका छन् ।

स्वदेश फिर्तीपछि चार बुँदामा आफ्नो धारणा सार्वजनिक गरेका देउवाले अपिलको अन्त्यमा लेखेका छन्-'म नेता बनेर होइन, यस महान् राष्ट्रको आजीवन नागरिक बनेर फर्किएको छु- विनम्रता, समर्पण र प्रेमका साथ सेवा गर्न तत्पर ।' उनले आफ्नो स्वास्थ्यप्रति चासो राख्ने, चिन्ता व्यक्त गर्ने तथा स्वास्थ्यलाभको कामना गर्ने सबैप्रति आभार व्यक्त गर्दै आफू पुनः देश र जनताको सेवामा सक्रिय हुन तयार रहेको बताए ।



"म आज यहाँ विनम्र सेवकका रूपमा उपस्थित भएको छु- सुन्न, सिक्न र समुन्नत मुलुक बनाउने यात्रामा समर्पित हुन ।"-देउवाले भनेका छन् । देउवाले नेपाली कांग्रेसलाई केवल लोकतान्त्रिक इतिहास बोकेको राजनीतिक दलका रूपमा मात्र नहेरी दशकौंको राजनीतिक संघर्ष, त्याग र बलिदानबाट निर्माण भएको संस्था भएको बताएका छन् । २०२० सालदेखि आफू निरन्तर नेपाली कांग्रेसको राजनीति र संघर्षमा सहभागी हुँदै आएको स्मरण गर्दै उनले लोकतन्त्र, स्वतन्त्रता र विकासको यात्रामा सहभागी हुन पाएकोमा गर्व व्यक्त गरेका छन् ।

उनले बीपी कोइराला, सुवर्णशमशेर राणा, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइरालालगायत अग्रज नेताहरूको योगदानलाई कांग्रेसले कहिल्यै बिर्सन नहुने बताएका छन् । देउवाका अनुसार ती नेताहरूको विरासत गौरव प्रदर्शन गर्ने विषय मात्रै नभई जनताको विश्वासका रूपमा वर्तमान पुस्ताले वहन गरिरहेको जिम्मेवारी हो । देउवाले युवा पुस्तामा देखिएको परिवर्तनको चाहना र असन्तुष्टिलाई कांग्रेसले गम्भीरतापूर्वक लिनुपर्ने बताएका छन् । विश्व तीव्र गतिमा परिवर्तन भइरहेका बेला नेपाली राजनीति पनि समयअनुकूल बदलिनुपर्ने उनको धारणा छ । "नेपाली कांग्रेसले युवा पुस्ताले माग गरेको परिवर्तनलाई आत्मसात् गरेको छ," उनले भनेका छन् ।

समाजका सबै वर्ग, समुदाय र पुस्ताको सार्थक सहभागिता सुनिश्चित गर्नुपर्ने बताउँदै देउवाले गत भदौमा भएको जेनजी आन्दोलनका जायज मागलाई सम्बोधन गर्नुपर्ने धारणा आफूले त्यतिबेलै राखेको स्मरण गरेका छन् । तर उनले परिवर्तनको नाममा विगतका सबै राजनीतिक संघर्ष र योगदानलाई नकारात्मक रूपमा चित्रण गर्ने प्रवृत्तिप्रति असहमति जनाएका छन् ।

उनका अनुसार वर्तमान पुस्ताले लोकतन्त्र, स्वतन्त्रता, जातीय तथा क्षेत्रीय अधिकार र राजनीतिक पद्धति निर्माणका लागि लामो संघर्ष गर्नुपरेको थियो । त्यस क्रममा केही कमजोरी भए पनि विगतको सम्पूर्ण योगदानलाई नकारात्मक भाष्यबाट मूल्यांकन गर्नु उचित नहुने उनको भनाइ छ । "परिवर्तनको अर्थ विगत खराब थियो, हाम्रा पुस्ताको त्याग, बलिदान र संघर्ष खराब थियो भन्ने होइन ।"- देउवाले भनेका छन् ।

**सरकारलाई देउवाको सन्देश : जनताको आकांक्षा पूरा गर**

देउवाले अहिले मुलुकमा देखिएको परिवर्तनको आकांक्षा सम्बोधन गर्ने प्रमुख दायित्व वर्तमान सरकारको भएको बताएका छन् । उनले सरकारलाई राजनीतिक आग्रह-पूर्वाग्रहभन्दा माथि उठेर जनताको चाहना पूरा गर्ने दिशामा अघि बढ्न आग्रह गरेका छन् । ताजा जनमतबाट बनेको सरकारले जनताको मतको सम्मान गर्न नसके लोकतन्त्रमा जनताभन्दा ठूलो शक्ति अरू कोही नहुने उनको चेतावनीपूर्ण धारणा छ । "परिवर्तन व्यवस्थापन प्रक्रियामा सहयोग गर्न हामी तयार छौं," देउवाले भनेका छन्- "हामी अन्धाधुन्ध दौडिने छैनौं; विवेक, पारदर्शिता र न्यायका आधारमा प्रत्येक रूपान्तरणलाई अघि बढाउनेछौं ।"

उनले मुलुकमा परिवर्तन आवश्यक भए पनि त्यसको व्यवस्थापन विवेकपूर्ण ढंगले हुनुपर्ने बताएका छन् । परिवर्तनका नाममा हतार, प्रतिशोध र विभाजन बढाउनेभन्दा लोकतान्त्रिक प्रक्रियाबाट सुधार अघि बढाउनुपर्ने उनको जोड छ । देउवाले नेपाली कांग्रेसभित्र देखिएको असहमति र निराशालाई तत्काल सम्बोधन गर्नुपर्ने आवश्यकता औंल्याएका छन् ।

उनले कांग्रेस एकताबद्ध भएर अन्य राजनीतिक दलसँग समेत सहमति र सहकार्य गर्दै राष्ट्रियता र लोकतन्त्रको सुदृढीकरणमा लाग्नुपर्ने बताएका छन् । संविधान नेपाली जनताको लामो संघर्ष र बलिदानबाट प्राप्त उपलब्धि भएकाले यसको संरक्षण गर्नुपर्ने र संशोधन आवश्यक परे राष्ट्रिय सहमतिका आधारमा अघि बढाउनुपर्ने उनको धारणा छ ।

"अंकगणितीय रूपमा संसद्मा नेपाली कांग्रेस सानो-ठूलो भयो होला, तर २००७ सालदेखि नेपाली राजनीतिक परिवर्तनको हरेक खुट्किलोको नेतृत्वकर्ता कांग्रेस हो ।"- देउवाले बताएका छन् । उनले पार्टीभित्रको विवादले कांग्रेस मात्र नभई मुलुकको राष्ट्रियतामाथि समेत असर पार्न सक्ने भएकाले सबै नेता, कार्यकर्ता, शुभेच्छुक, समर्थक र मतदातालाई सामूहिक भावनाका साथ अघि बढ्न आह्वान गरेका छन् ।

**'कांग्रेस कसैको इगोमा होइन, जनताको हितमा चल्नुपर्छ'**

देउवाले पार्टी सञ्चालन व्यक्तिगत अहंकार र गुटगत स्वार्थका आधारमा नभई जनताको सर्वोत्तम हितलाई केन्द्रमा राखेर हुनुपर्ने बताएका छन् । युवा पुस्ता नेतृत्वमा आउनुपर्ने आवश्यकता स्वीकार गर्दै उनले पाका र अनुभवी पुस्तालाई पूर्णरूपमा अस्वीकार गर्ने भाष्य पनि उचित नभएको बताएका छन् ।

"युवा साथीहरू अघि बढ्नुपर्छ, तर त्यसको मतलब पाका र अनुभवी जति सबै खराब हुन् भन्ने गलत भाष्य पछ्याउनु हुँदैन ।"- उनको भनाइ छ । सामाजिक सञ्जालमा लोकप्रियता र भ्युजको पछाडि लाग्नुभन्दा पार्टीको ऐतिहासिक दायित्व र लोकतान्त्रिक मूल्यलाई केन्द्रमा राख्न उनले कांग्रेसका नेता-कार्यकर्तालाई आग्रह गरेका छन् । देउवाले आफूलाई अब राजनीतिक रूपमा लिनुपर्ने केही नरहेको उल्लेख गर्दै आफ्नो लामो राजनीतिक अनुभव मुलुक र नयाँ पुस्ताका लागि उपयोगी बनाउन चाहेको बताएका छन् ।

» बाँकी ३ पेजमा

# पहिरोमा परी दशजनाको मृत्यु, तीनजना बेपत्ता



**नवीन लोचनमगर**

*रोल्पा*

रोल्पाको थबाङ गाउँपालिका-५, उवा कोटलभारामा बुधबार राति आएको पहिरोमा परी दशजनाको ज्यान गएको छ भने तीनजना बेपत्ता भएका छन् । राति पौने ९ बजे माथिबाट आएको पहिरोले ९ वटा घर, एक घुम्ती पसल, २ वटा गोठ र एउटा चर्च बगाएको जिल्ला प्रहरी कार्यालय रोल्पाले जनाएको छ ।

मृत्यु हुने १० जनामध्ये ५ जनाको शव रोल्पाबाट खोलाले बगाएर प्यूठान पुराएको थियो भने ५ जनाको शव पहिरो गएको स्थान नजिकै भेटिएका हुन् । मृत्यु हुनेहरुमा १८ वर्षीया शान्ति पुनमगर, ६० वर्षीय कमलबहादुर पुनमगर, ७५ वर्षीय दलबहादुर पुनमगर, ८० वर्षीया मनखना पुनमगर र ८५ वर्षीया हस्तकला रोकामगरको सनाखत भएको छ ।

प्रमुख जिल्ला अधिकारी गंगाबहादुर क्षेत्रीका अनुसार प्यूठानमा भेटिएका पाँच शवमध्ये ३८ वर्षीया जुनकुमारी पुन, ९ वर्षीय असिम पुन र ५ वर्षीय अशोक पुनको पहिचान खुलेको छ भने दुईजनाको पहिचान हुन सकेको छैन । त्यस्तै अजम्बर पुनमगर (८०), बलबहादुर पुनमगर (८०), तिलबहादुर पुनमगर (६१), मनि पुनमगर (६६) र महेन्द्र घर्तीमगर (३४) गरी पाँचजनामध्ये दुई जनाको शव पहिचान भए पनि बाँकी तीनजना अझै बेपत्ता सूचीमा रहेको प्रहरीको भनाइ छ ।

प्रमुख जिल्ला अधिकारी क्षेत्रीले दुईजनाको अझै पहिचान भइसकेको छैन, शवहरु क्षतविक्षत भएकाले सनाखत हुन समय लाग्ने बताए । पहिरोमा परी घाइते हिमाल पुनमगर (२२) र सञ्जय घर्तीमगर (२५)लाई थप उपचारका लागि प्रादेशिक अस्पताल बुटवल रिफर गरिएको प्रहरीले जनाएको छ ।

बिहीबार दिनभर नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, रेडक्रस र स्थानीयवासीले उद्धारको काम गरेका थिए ।

# माधव र बाबुरामसँग लिखित जवाफ माग

बुटवल । सर्वोच्च अदालतले ललिता निवास जग्गा प्रकरणमा पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र डा. बाबुराम भट्टराईसँग लिखित जवाफ माग गरेको छ ।

सर्वोच्चले दुवै जनाको नाममा आदेश जारी गर्दै मुद्दा चलाउन नपर्ने भए जवाफ पेस गर्न आदेश दिएको छ । नेपाल र भट्टराईका साथै सर्वोच्चले महान्यायाधीवक्ता कार्यालय र विशेष अदालतका नाममा समेत लिखित आदेश माग गरेको छ । मन्त्रिपरिषदको निर्णयको आडमा उन्मुक्ति दिएर पूर्वप्रधानमन्त्रीद्वय नेपाल र भट्टराईलाई मुद्दा नचलाइएको भन्दै वरिष्ठ अधिवक्ता बालकृष्ण नेउपाने सर्वोच्च अदालत गएका थिए । उनले पूर्वप्रधानमन्त्रीहरू नेपाल र डा. भट्टराईमाथि समेत अनुसन्धान गरी मुद्दा चलाउनुपर्ने आदेश हुनुपर्ने माग गरेका थिए ।

त्यही निवेदनमा पूर्वप्रधानमन्त्रीद्वयसँग लिखित जवाफ माग नगरी मुद्दा टुंग्याउन उचित नहुने भनी प्रधानन्यायाधीश मनोजकुमार शर्मा, न्यायाधीशहरू विनोद शर्मा र सुनिलकुमार पोखरेलको इजलासले लिखित जवाफ माग गरेको हो ।

# वरिष्ठ पत्रकार श्रेष्ठलाई रिहा गर्न चौतर्फी माग



बुटवल । नेपाल मिडिया सोसाइटीले जनआस्था साप्ताहिकका प्रधान सम्पादक तथा वरिष्ठ पत्रकार किशोर श्रेष्ठलाई तत्काल र निःशर्त रिहा गर्न माग गरेको छ । साथै, प्रकाशित समाचारका सम्बन्धमा कुनै कानुनी प्रश्न वा आपत्ति भए कानुनी प्रक्रियामार्फत समाधान खोज्न सम्बन्धित पक्षलाई आग्रह गरेको छ ।

नेपाल मिडिया सोसाइटीका महासचिव बोधराज त्रिपाठीले जारी गरेको विज्ञप्तिमा समाचार लेखेकै आधारमा पत्रकारलाई पक्राउ गर्नु प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको मूल मर्मविपरीत भएको उल्लेख छ । 'पत्रकारले प्रकाशित गरेको समाचारको विषयमा कुनै गुनासो वा आपत्ति भएमा प्रचलित कानुन तथा प्रेससम्बन्धी स्थापित प्रक्रियामार्फत् समाधान खोजिनुपर्नेमा समाचार लेखेकै आधारमा पत्रकारलाई पक्राउ गरिनु प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको मूल मर्मविपरीत भएको हाम्रो ठहर छ ।'- विज्ञप्तिमा लेखिएको छ ।

पत्रकारले प्रकाशित गरेको समाचारका विषयमा कुनै गुनासो वा आपत्ति भए प्रचलित कानुन तथा प्रेस काउन्सिलबाट स्थापित प्रक्रियामार्फत समाधान खोज्नुपर्ने सोसाइटीको धारणा छ । नेपालको संविधानले सुनिश्चित गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक तथा स्वतन्त्र पत्रकारिताको अधिकार लोकतान्त्रिक व्यवस्थाका आधारस्तम्भ भएको उल्लेख गर्दै सोसाइटीले पत्रकारलाई समाचार प्रकाशनकै कारण त्रसित बनाउने वा स्वतन्त्र पत्रकारिताको वातावरणमा नकारात्मक असर पार्ने गतिविधिप्रति ध्यानाकर्षण गराएको छ ।

'नेपाल मिडिया सोसाइटी पत्रकार तथा सञ्चारमाध्यमले प्रचलित कानुनको पालना गर्नुपर्ने विषयमा स्पष्ट छ । तर पत्रकारिता तथा प्रकाशित समाचारसँग सम्बन्धित विषयमा कानुनी उपचार खोज्दा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संवैधानिक मूल्य, पत्रकारको व्यावसायिक अधिकार तथा प्रेससम्बन्धी स्थापित मान्यताको पूर्ण सम्मान हुनुपर्ने सोसाइटीको धारणा छ,' विज्ञप्तिमा लेखिएको छ । स्वतन्त्र पत्रकारितामाथि हुने कुनै पनि प्रकारको दबाब, हस्तक्षेप वा दमनप्रति नेपाल मिडिया सोसाइटी सदैव सचेत, प्रतिबद्ध र खबरदारीमा रहने पनि उल्लेख छ ।

बुधबार राति नेपाल प्रहरीले पत्रकार श्रेष्ठलाई निवासबाटै पक्राउ गरेको थियो । प्रहरीले पत्रकार श्रेष्ठविरुद्ध वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५ विपरीतको कसुर गरेको आरोपमा अनुसन्धान भइरहेको जनाएको छ । बिहीबार बिहानै प्रहरी टोलीले जनआस्थाको कार्यालयमा खानतलासी समेत गरेको छ ।

नेपाल पत्रकार महासंघले पनि श्रेष्ठको पक्राउ र जनआस्थामा गरिएको खानतलासीको विरोध गरेको छ । श्रेष्ठलाई विनासर्त रिहा गर्न माग गर्दै महासंघको अगुवाइमा पत्रकारहरुले जिल्ला प्रहरी परिसर काठमाडौं कार्यालय अगाडि प्रदर्शनसहित धर्ना दिएका छन् ।

नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले जनआस्था साप्ताहिकका सम्पादक किशोर श्रेष्ठलाई समाचार लेखेकै आधारमा पक्राउ गरिएको भन्दै तत्काल रिहाइको माग गरेका छन् । प्रचण्डले समाचार लेखेकै आधारमा निश्चित विधि र प्रक्रिया नअपनाई राज्यद्वारा श्रेष्ठमाथि धरपकड गरिनु लोकतन्त्रको उपहास भएको बताएका छन् ।

'नेपालको स्थापित पत्रिका जनआस्थाका सम्पादक किशोर श्रेष्ठलाई समाचार लेखेकै आधारमा निश्चित विधि र प्रक्रिया नअपनाई राज्यद्वारा धरपकड गरिनु लोकतन्त्रको उपहास हो ।'-प्रचण्डले भनेका छन् । उनले श्रेष्ठलाई तत्काल रिहा गर्नसमेत माग गरेका छन् ।

श्रेष्ठलाई समाचार प्रकाशनसँग जोडिएको विषयमा राज्य पक्षबाट पक्राउ तथा धरपकड गरिएको घटनाप्रति प्रचण्डले आपत्ति जनाएका हुन् ।

» बाँकी ३ पेजमा


सिद्धार्थ पब्लिकेशन(प्रा.लि.)द्वारा प्रकाशित

विश्वसनीय समाचारको विश्वासिलो साथी

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
अनलाइन संस्करण lumbinipatrika.com

स्वतन्त्र र निष्पक्ष
जनताको लोकप्रिय पत्रिका

निजी क्षेत्रबाट निरन्तर प्रकाशित नेपालको राष्ट्रिय दैनिक 'दैनिक लुम्बिनी' सत्य, तथ्य र विश्वसनीय समाचारको माध्यमबाट जनअपेक्षी समाज र समृद्ध राष्ट्र निर्माणमा समर्पित ।



स्वतन्त्र
कुनै पनि राजनीतिक वा आर्थिक स्वार्थबाट स्वतन्त्र रही सत्यको पक्षमा ।

निष्पक्ष
सबै पक्षलाई समान दृष्टिले हेर्ने निष्पक्ष र वस्तुनिष्ठ पत्रकारिता ।

जनताको लोकप्रिय
जनतासँग नजिक, जनताको कुरा उठाउने, जनविश्वासको प्रतिक ।

तथ्यपरक समाचार, गहन विश्लेषण र सशक्त सम्पादकीयका साथ
तपाईंको भरोसा, हाम्रो प्रतिबद्धता

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचार | गहन विश्लेषण र अनुसन्धान | समाज, अर्थतन्त्र, राजनीति, शिक्षा, स्वास्थ्य र खेलकुद | फोटो समाचार र विशेष रिपोर्ट | विचार, सम्पादकीय र साहित्य

सम्पर्क | ०७१-५३०६४०, ५३७६४० | WWW.lumbininews@gmail.com | बुटवल-११, माझगाउँ रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# पत्रकार किशोर श्रेष्ठलाई रिहा गर

जनआस्था साप्ताहिकका सम्पादक किशोर श्रेष्ठलाई गरिएको पक्राउ निन्दनीय छ। उनलाई बुधबार राति घर जाँदै गर्दा ललितपुरको कुसुन्तीबाट पक्राउ गरिएको थियो।

व्यक्तिको गोपनियतासम्बन्धी उजुरीको आधारमा पक्राउ गरेको प्रहरीले बताए पनि राज्य संयन्त्र उनलाई पक्राउ गरी कारबाही गर्न पहिलेदेखि योजना बनाइरहेको सार्वजनिक भएको थियो। त्यो बारेमा विभिन्न सार्वजनिक कार्यक्रममा स्वंय श्रेष्ठले नै सार्वजनिक गरेका थिए। केही समयअघि जनआस्था साप्ताहिकको कार्यालयमा रक्सी र पैसा पठाएर फसाउन खोजिएको थियो। त्यो घटना सार्वजनिक गर्दै छानबिन गर्न उनले माग गरे, तर प्रहरीले वास्ता गरेन। राज्य संयन्त्रकै योजनामा भएको त्यो घटनाबाटै बुझ्न सकिन्छ कि राज्य पहिलेदेखि उनलाई पक्राउ गरी कानुनी कारबाही अघि बढाउन चाहन्थ्यो। एक महिलाले गोपनियताको हनन भएको भन्दै दिएको उजुरीमा पक्राउ परेको विषयमा जुन ढंगले राज्यआतंक मच्चाइएको छ, यो संविधान प्रदत्त प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताप्रतिको प्रहार हो। जनआस्थाको कार्यालय र घरमा हतियारधारी प्रहरी प्रवेश गरी कम्प्युटरलगायत सामग्री नियन्त्रणमा लिएर स्वतन्त्र प्रेसप्रति राज्य निर्लज्ज ढंगले लागेको छ।

श्रेष्ठ सम्पादक रहेको जनआस्था र जनआस्था अनलाइनले सत्ता र सत्तारुढ दलका नेताका गलत गतिविधिका बारेमा निरन्तर समाचार लेख्दै आएको छ। ती समाचारले अप्ठारोमा परेको सरकार र सत्तारुढ दलले श्रेष्ठलाई पक्राउ गरी अरुलाई तर्साउन खोजेको देखिन्छ। अझ एउटा स्थापित पत्रकारलाई कसैले उजुरी दिएकै भरमा प्रहरी कार्यालयबाट अदालतमा लैजाँदा हत्कडी लगाएर लैजानुले सरकार पत्रकारप्रति कुन हदसम्म अनुदार भएको छ भन्ने पुष्टि भएको छ। सञ्चारमाध्यममा प्रकाशन र प्रसारण हुने समाचारका बारेमा चित्त नबुझे हेर्ने निकाय प्रेस काउन्सील हो। प्रेस काउन्सीलको क्षेत्राधिकारभित्र पर्ने विषयलाई प्रहरी अनुसन्धानको दायरामा ल्याउनु निन्दनीय विषय हो। यसबारेमा प्रेस काउन्सीलले पनि आफनो धारणा प्रष्ट पारेको छ। श्रेष्ठको पक्राउपछि नेपाल पत्रकार महासंघ रिहाइको माग गर्दै आन्दोलनमा उत्रेको छ। विभिन्न राजनैतिक दलले स्वतन्त्र प्रेसमाथि भएको हमलाको निन्दा गर्दै उनको रिहाइको माग गरेका छन्।

सरकारले अहिले सञ्चार क्षेत्रमाथि जे जति हस्तक्षेप गरेको छ, यसले उसको अलोकतान्त्रिक चरित्र छताछुल्ल भएको छ। सरकार प्रेसलाई निर्वाध काम गर्न दिने वातावरण बनाउन तयार छैन भन्ने पुष्टि भएको छ। सरकारको यस्तो हर्कतले अन्ततः मुलुकमा लोकतान्त्रिक संरचनाहरु खल्बलिने जोखिम छ। यस्ता गलत क्रियाकलाप बन्द गरी सरकार लयमा अघि बढ्नुपर्छ। सरकार लोकतान्त्रिक बाटोमा छ भन्ने विश्वास दिलाउने पहिलो शर्त श्रेष्ठलाई विनाशर्त रिहाइ र आगामी दिनमा यस्ता क्रियाकलाप नगर्ने प्रतिबद्धता हो।

# जनआस्थाको कसीमा न्यायिक नेतृत्व र न्यायपालिका



विनोद मोहन आचार्य



मनोजकुमार शर्मा प्रधानन्यायाधीश नियुक्त हुनुभएको अढाइ महिनाभन्दा बढी भएको छ। चौथो वरीयतामा रहनुभएका शर्मालाई प्रधानन्यायाधीश नियुक्ति गर्दा वरिष्ठताको परम्परा तोडिएको सन्दर्भलाई लिएर विभिन्न टिप्पणी भए, सरोकारहरू व्यक्त गरिए। नवनियुक्त प्रधानन्यायाधीश शर्मालाई बधाईसँगै न्यायपालिका अब सरकारको छायाँमा पर्ने भो भन्नेजस्ता लाञ्छनासहित खोइरो खन्ने काम पनि प्रत्यक्ष-अप्रत्यक्ष रूपमा भए।

आ-आफ्नैखाले समस्याको रुझानमा रुमल्लिरहेको अवस्थामा डा. शर्मा न्यायपालिकाको नेतृत्व सम्हाल्न पुग्नुभएको छ। विगत एक वर्षअघिदेखि न्याय क्षेत्रले नसोचेका परिस्थिति सामना गर्नुपरिरहेको छ। गत भदौको नवयुवा आन्दोलनका कारण अदालतका भौतिक संरचनासँगै जनताका जिउधनसँग सम्बन्धित लाखौँ मिसिल कागज खरानीमा परिणत हुँदा नसोचेको समस्या बल्झिएको छ। अर्कोतिर प्रधानन्यायाधीश नियुक्तिका सन्दर्भमा सरकार विगतको परम्पराभन्दा फरक शैली, अर्थात् परिणाममुखी सुशासनको हवाला दिँदै नयाँ सोच, नयाँ ढंगसाथ अगाडि बढेको परिप्रेक्ष्यमा नागरिक समाज, नेपाल बार एवं स्वयं न्यायवृत्तसमेत तरंगित बनेको छ।

कुनै कालखण्डमा न्यायपालिका सरकारमातहतमा राखिन्थ्यो। समयले कोल्टे फेर्‍यो। समयको प्रवाहमा शक्ति पृथकीकरणको अवधारणासँगै नागरिकका हकहित संरक्षणका खातिर राज्यका तीन अंगमध्येको न्यायपालिकालाई स्वतन्त्र राख्नुपर्छ भन्ने मान्यता अगाडि आयो। तथापि, सो मान्यताका बाबजुद शासकको महत्वाकांक्षालगायत तानाशाही प्रवृत्तिलाई चिर्दै इतिहासका अनेकौँ घुम्ती, आरोह-अवरोह पार गर्दै जस-अपजस खेप्दै न्यायपालिका आजको स्वरूपमा विकास भएको हो। तैपनि, न्यायिक स्वतन्त्रता, गरिमा र मर्यादाबारे वेलाबखत सवालमा छालहरू उठ्ने गरेका छन्। आखिर किन त ? वास्तवमा न्यायपालिकाप्रतिको जनआस्था भनेको यो संस्थाप्रतिको विश्वास र आमभरोसा नै हो। साथै, यो लोकतन्त्रको मेरुदण्ड पनि हो। लोकतन्त्रमा न्यायालयको गरिमा र प्रतिष्ठा कुनै सुन्दर भवनको गजुरका आधारमा होइन, जनताको आस्था र विश्वासको जगमा अडिएको हुन्छ। लोकतन्त्रका मसिहा मानिने खासगरी पश्चिमी मुलुकमा त्यहाँको न्यायप्रणाली र न्यायप्रशासन भरपर्दो, भरोसायुक्त र विश्वासनीय रहेकै कारण ती मुलुकमा न्यायाधीश र अदालतप्रति उच्च आदर र सम्मान प्रकट गरिन्छ।

भनिन्छ, केही वर्षअघिदेखि नै हाम्रो न्यायालयको साख खस्किँदो छ। यसो भनिनुका पछाडि न्याय महँगो हुनु, न्याय पहुँच या अनुमानयोग्य नहुनु, न्यायसम्पादनमा विलम्ब हुनु, यथासमयमै फैसलाको पूर्णपाठ तयारी एवं फैसला कार्यान्वयनमा विलम्ब हुनु, न्यायप्रणाली झन्झटिलो हुनु, न्यायाधीशहरूमा न्यायिक संस्कार, निष्पक्षता र फैसलामा गुणस्तरीयताको अभाव हुनु, न्यायिक नियुक्ति पारदर्शी हुन नसक्नु आदि जनआस्थासँग जोडिएका यस्ता विषय हुन्, जुन न्यायपालिकाको गरिमा र मर्यादा निर्धारण गर्ने मानक पनि हुन्।

न्याय महँगो भयो भन्ने सन्दर्भमा अदालतमा बिचौलियाको भूमिका शंकास्पद रहनु, कानुन व्यावसायीको पैरवी शुल्कमा एकरूपता नहुनुजस्ता कारणबाट पनि न्याय महँगो लागेको हुन सक्छ। यस्तै, न्यायसम्पादनका कार्य, फैसलाको पूर्णपाठ एवं फैसला कार्यान्वयनका लागि समेत वर्षौं कुर्नुपर्नेजस्ता कारणबाट पनि अदालतप्रतिको जनआस्थामा विचलन आएको हुन सक्छ।

सर्वोच्च अदालतमा मुद्दाको चाङ बढेकोबढ्यै छन्। जसका कारण यस अदालतमा समयमै मुद्दा किनारा लगाउने कार्य पेचिलो बन्दै गएको छ। समाचारमा जनाइएअनुसार सर्वोच्च अदालतमा मात्रै हाल करिब २७ हजार मुद्दा विचराधीन छन्। जसमध्ये दुई वर्ष नाघेका अभियानभित्रका मुद्दा मात्रै दसौँ हजार रहेको बताइन्छ।

खासगरी पटकपटक हुने बेमौसमी आन्दोलनका कारण पेसीमा चढिसकेका मुद्दाका सुनुवाइ प्रभावित हुन पुग्यो। यस्तै गत भदौको नवयुवा आन्दोलनका क्रममा सर्वोच्च अदालत भवनसँगै चालू मुद्दाका मिसिल एवं प्रमाण कम्प्युटरलगायत भौतिक सामग्री सबै खरानीमा परिणत भए। जसका कारण मुद्दाको सुनुवाइ कक्ष र जलेका चालू मुद्दाका नयाँ मिसिल व्यवस्थापन गर्न समय लाग्ने नै भयो। यस्तै सर्वोच्चमा न्यायाधीशको दरबन्दी न्यून हुनु, भएकै दरबन्दीअनुरूप न्यायाधीश नहुनु, पेसी स्थगितमा सिस्टम नबसालिनुजस्ता कारणबाट पनि सर्वोच्चमा मुद्दा थुप्रिएका हुन्। सरकारमा रहनेबाट के पनि भन्ने गरिन्छ भने जब न्यायाधीशमा निष्ठा रहँदैन, जब ऊ आत्मानुशासनमा बस्दैन, त्यस्ता न्यायाधीशबाट समाज र राज्यले के नै योगदानको अपेक्षा गर्ने ? खासगरी, न्यायिक अनुभव नै नभएका, व्यावसायिक अनुभवबाट पनि खारिइनसकेका केही न्यायाधीशका हकमा उनीहरूबाट सम्पादित न्यायमा निष्पक्षता एवं गुणस्तरीयताको अभाव खट्किएको भनाइ आउनु अस्वाभाविक होइन।

'हुन त म पनि राजनीतिकर्मी हुँ, न्यायाधीशबाट हुने न्यायसम्पादनमा समान तथ्य, उही कानुन, उस्तै प्रकृतिको विवादमा नतिजा भने फरक-फरक कसरी आउँछ ? जुन कुरा देख्दा सुन्दा लाग्यो, अदालतभित्र तल बसेर माथि इजलासतर्फ हेर्दा मलाई त न्यायाधीशको अनुहारमा झलझली दलीयताको झझल्को आयो।' दुई वर्षअघि पोखरामा कानुन व्यावसायीको एक कार्यक्रममा बहालवाला मुख्यमन्त्रीद्वारा व्यक्त भनाइ हो यो। (कान्तिपुर दैनिक २०८१/०२/१४ )

यस्तै, गत २४ भदौको आगलागीबाट सर्वोच्च अदालत भवनसमेत खरानीमा परिणत भएलगत्तै तत्कालीन प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले बिबिसीसँगको एक अन्तर्वार्तामा 'यस्तो अकल्पनीय परिस्थिति निम्तिनुमा विगतमा हामी न्यायाधीश पनि कहीँ कतै चुकेका थियौँ कि ? हामीबाट पनि केही न्यायिक त्रुटि भएका थिए कि ? जस्ता सवालका सन्दर्भमा आत्मसमीक्षा गर्नुपर्ने वेला आएको छ,' भन्नुभएको थियो।

विगतमा न्यायपरिषद्को भूमिका पारदर्शी रहन सकेन नै। यसै सन्दर्भमा पूर्वन्यायमूर्ति एवं विश्लेषक बलराम केसी भन्नुहुन्छ, 'गणतन्त्र स्थापनायता न्यायाधीश नियुक्त गर्ने, विभागीय कारबाही र सरुवाको जिम्मा लिएको न्यायपरिषद् नेता र राजनीतिक दलको अदृश्य कमान्डमा चल्यो। परिषद्का काम कारबाहीमा निष्पक्ष रूपमा कमान्ड गर्नुपर्ने जिम्मेवारी बोकेका प्रधानन्यायाधीश स्वयं अरू सदस्यसँगै मिलुवा बने, जो भागबन्डामै लिप्त रहे।' (कान्तिपुर २०८३/०२/२०)

न्यायपरिषद्कै रबैयाकै कारण अहिलेसम्म पनि आफूहरूमा पीडा बल्झिरहेको छ भन्दै पूर्वकरियर जज एवं क्याडर अधिकृत यसो भन्छन्, 'हामीलाई ह्युमिलियटका अलावा हाम्रो योगदानको अपमान मात्रै गरिएन, हाम्रो वृत्तिविकासको अवसरसमेत साँघुरो बनाउँदै लगियो। माथिल्लो तहमा खुड्किलो चढ्न पाउने आसैआसमा बस्दा उमेर घर्किंदै गयो, जसका कारण हाम्रो त्यो सपना अधुरै रह्यो। खुकुरीको चोट अचानोलाई मात्रै थाहा हुन्छ, त्यसै भनिएको होइन रहेछ!' यस्तै पूर्ववरिष्ठ न्यायमूर्ति ईश्वरप्रसाद खतिवडा भन्नुहुन्छ, 'राजनीतिक भागबन्डा, कोटा प्रणालीबाट न्यायाधीश नियुक्त गर्ने परिपाटी बसालिएका कारण न्यायपालिकामा विकृति विसंगति भित्रिएको हो, जसको असी प्रतिशत जिम्मेवार न्यायपरिषद् छ। तहतहका न्यायाधीशमा हली, खेताला, अरौटे, पछौटे, हिस्सेदार दलाल, मतियार देखिए। योग्यता, क्षमता र निष्ठाका कुरा बुद्धिविलासका विषय बने।' (भर्डिक्ट, अंक-१९, २०७७, पृष्ठ १४, १५)

यतिखेर न्यायपालिकाको परिदृश्य विगतको भन्दा बेग्लै रहेको प्रतीत हुन्छ। देशमा राष्ट्रिय परिस्थिति फेरिएसँगै न्यायिक नेतृत्व चयनका सन्दर्भमा सरकार नयाँ सोच र नयाँ ढंगबाट अगाडि बढेको देखिन्छ। सो नियुक्तिमा वरीयता तोडिएको प्रकरण एवं सर्वोच्चका केही न्यायमूर्तिउपरमा महाभियोग लगाइँदै छ भन्ने 'प्रोपोगान्डा'लाई लिएर केही दिनयता मानवाधिकारवादी संस्थाको सरकार र संसद्सँग जुहारी चलिरहेको देखिन्छ। सार्वभौम मुलुक, स्वतन्त्र न्यायपालिकाको मर्यादा र गरिमाको पाटोलाई बिर्सेर यस प्रकारका अशोभनीय गतिविधि हुनु दुःखद हो।

अर्को पाटोबाट हेर्दा केही न्यायमूर्तिमा पनि आत्मानुशासनमा विचलन आउने गरेको चर्चासमेत बेलाबखत नसुनिएका होइनन्। पछिल्लो चुनावपश्चात् देशको राष्ट्रिय परिस्थिति बदलिएको छ। न्यायाधीशका आदेश फैसलामा निष्पक्षता, न्यायिक मन एवं निर्णय क्षमताको अभाव, विगतमा औसतमा न्यायाधीश भागबन्डाबाट नियुक्त गरिनुजस्ता पाटोलाई सरकार र संसद्ले मिहिन रूपमा नियालिरहेका हुन सक्छन्। अतः न्यायपालिकाको पुनर्संरचनाको आवाज सरकारदेखि सदनसम्म यसै उठेको होइन कि ? त्यसैले बदलिएको यो परिदृश्य एवं परिवर्तित राष्ट्रिय परिस्थितिसमेतको न्यायकर्मीले समग्रमा ख्याल राख्नु अनुचित नहोला नै !

सर्वोच्च अदालतको कार्यबोझ घटाउन, न्यायिक कामकारबाही चुस्त सरलीकृत गर्न, न्याय पहुँचयोग्य अनुमानयोग्य तुल्याउन, न्याय प्रशासन पारदर्शी, जवाफदेही र प्रभावकारी तुल्याउन, सर्वोच्च र उच्च एवं जिल्ला तहका अदालतका अधिकार क्षेत्र विस्तार गर्नेबारे सम्बद्ध कार्यविधि तथा व्यवस्थापकीय क्षेत्र पहिचान गरी सुझाव पेस गर्न दुई महिनाको कार्यादेशसहित सर्वोच्चका न्यायाधीशको अध्यक्षतामा हालै मात्र उच्चस्तरीय न्यायप्रशासन सुधार, सुझाव समिति गठन गरिनुलाई न्यायिक संरचनामा परिवर्तनको आयाममा सकारात्मक पहल मान्नुपर्छ।

न्यायपालिकामा विद्यमान विकृति र विसंगतिका छिद्रा टाल्न बिचौलियालाई विस्थापित गर्नैपर्छ। जसका लागि अदालति कामकारबाही प्रविधिसँग जोडिनुपर्छ। यस्तै, संसदीय सुनुवाइ समितिसमक्ष मनोज श्रीमान्बाट प्रस्तुत कार्ययोजना, मातहतका अदालतका नाममा गत जेठमा उहाँबाट जारी निर्देशन, अदालतमा विद्यमान विसंगति र विकृति निराकरणका लागि विभिन्न कालखण्डमा गठित कार्यदलले दिएका रचनात्मक सुझावसमेत वास्तवमा न्यायपालिका सुधारका निम्ति कोसेढुंगा साबित हुन सक्छन्।

न्यायपालिकाप्रति गुनासा बढ्नुका पछाडि यथासमयमा न्यायाधीशको नियुक्ति नगरिनु तथा अपारदर्शी नियुक्ति गरिनु पनि एक कारण हो भनिन्छ। अतः संविधान संशोधन बहस कार्यदलसमक्ष न्यायपरिषद्को संरचनामा परिवर्तन गर्नुपर्ने सन्दर्भमा बग्रेल्ती सुझाव परेको बुझिन्छ।

हाल सर्वोच्चमा चारजना न्यायाधीश तथा उच्च र जिल्लामा केही न्यायाधीशको पद रिक्त छन्। वास्तवमा सर्वोच्च अदालत न्यायको अन्तिम मन्दिर हो। कुनै अनुभवी डाक्टरले बिरामीको रोगको निदान शीघ्र गर्न सक्छ भनिएझैँ न्यायप्रशासनको मर्म, न्यायको चुरो एवं गहिराइ बुझेका करिअर जजलाई नै माथिल्लो तहको न्यायाधीश नियुक्त गर्दा भोलिका दिनमा न्याय प्रशासन हाँक्न, न्यायको गहिराइमा पुगेर निष्पक्ष न्यायसम्पादन गर्ने वातावरण बन्न सक्नेमा सन्देह नरहला। अतः यो पाटोको सन्दर्भमा मूलतः वर्तमान न्यायिक नेतृत्वको दृढता क्षमता, भूमिका आदि आमप्रतीक्षाको विषय बनेको छ।

यसैगरी, यथा समयमा मुद्दा किनारा गर्ने वातावरण बनाउन हेर्न नमिल्ने इजलासमा मुद्दाको पेसी नचढ्ने अटो सिस्टमको विकास, फैसला समयमै तयार गर्न 'टेमलेट'को प्रयोग, टाढाबाट मिसिल आउन विलम्ब भए सोको सफ्टकपी इमेलबाट मगाउने, सूचना म्याद तामेलीमा डिजिटल प्रविधिको प्रयोग, फैसला कार्यान्वयनमा न्यायिक जनशक्तिको प्रभावकारी व्यवस्थापनजस्ता कुरा प्रविधिमैत्री, चुस्त एवं सरलीकृत न्यायप्रशासनबाट मात्रै सम्भव हुने देखिन्छ।

वास्तवमा प्रधानन्यायाधीश न्यायपालिकाको कुनै आलंकारिक पद नभएर ऊ सम्पूर्ण न्यायिक गतिविधिको निगरानी एवं प्रभावकारी व्यवस्थापन गर्नेलगायत न्यायप्रशासन कुशलतापूर्वक हाँक्ने अन्तिम एवं गहन जिम्मेवारी बोकेको, मानौँ एक सारथी नै हो। अतः बोलीमा मात्र होइन, ऊ व्यवहार र स्वभावमा इमानदार रह्यो तथा उसले चाह्यो भने मात्रै पनि न्यायपालिकाभित्रका विसंगति र विकृतिको 'डिग्री' स्वाभाविक रूपमा घट्नेछ भने यता जनआस्थाको डिग्रीसँगै प्रधानन्यायाधीश शर्माको उचाइसमेत चुलिनेछ भन्ने निष्कर्षमा पुग्नु अन्यथा नठहरिएला!

नयाँ पत्रिकाबाट

# नेप्से परिसूचक सामान्य अङ्कले बढ्यो



काठमाडौँ। धितोपत्र बजारमा सेयर कारोबार मापन नेप्से परिसूचक बिहीबार सामान्य अङ्कले बढेको छ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक आठ दशमलव ८१ अङ्कले बढेर दुई हजार ६५१ दशमलव २१ मा पुगेको छ। ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ९७ अङ्कले बढेर ४६४ दशमलव ५९ मा पुगेको छ। त्यस्तै, फ्लोट सूचक शून्य दशमलव ६० अङ्कले बढेर १८२ दशमलव १६ मा पुगेको छ। त्यस्तै सेन्सेटिभ फ्लोट सूचक शून्य दशमलव ३६ अङ्कले बढेर १५७ दशमलव ३३ मा पुगेको छ।

विभिन्न कम्पनीका एक करोड दुई लाख २५ हजार ८७४ कित्ता सेयर रु तीन अर्ब ७२ करोड ४७ लाख ७० हजार ७७ मूल्यमा खरिद बिक्री भएको छ। १३ उपसमूहमध्ये १० उपसमूह बढ्यो भने दुई उपसमूह घट्यो। एक उपसमूह स्थिर रह्यो। १७१ कम्पनीको सेयर बढ्यो भने ८६ कम्पनीको सेयर घट्यो। त्यसैगरी, १९ कम्पनीको सेयर स्थिर रह्यो।

नेप्सेका अनुसार सर्वोत्तम पेन्ट्स इन्डिस्ट्रिज, माउन्ट एभरेष्ट पावर डेभलपमेन्ट, सुपर खुदी हाइड्रोपावर कम्पनीका लगानीकर्ताले कमाएका छन्। त्यसैगरी प्रभु बैङ्क डिबेञ्चर, ग्लोबल आइएमई बैङ्क डिबेञ्चर, स्ट्रान्डर्ड चार्टड बैङ्कको डिबेञ्चरका लगानीकर्ताले गुमाएका छन्।

# किन पटक-पटक उमालेको दूध पिउनु हुँदैन ?



दूध राम्रोसँग उमाल्दा यसमा भएका हानिकारक सूक्ष्म जीवाणु नष्ट हुन्छन् भनिन्छ। तर, विचार पुऱ्याउनुपर्ने अर्को कुरा के हो भने दूध पटक-पटक उमालेर खाँदा शरीरलाई हानिसमेत पुऱ्याउन सक्छ।

दूधलाई पटक-पटक उमाल्दा त्यसमा पाइने भिटामिन बी-१२, प्रोटिन र अन्य उपयोगी खनिज जस्ता महत्त्वपूर्ण पौष्टिक तत्त्वहरू नष्ट हुने पोषणविद्हरू बताउँछन्। धेरै पटक तताइएको वा डढेको दूध पिउँदा पाचन प्रक्रियामा गम्भीर असर पर्ने, पेट दुख्ने, ग्यास बन्ने र शरीरलाई पोषणको सट्टा हानि पुग्ने पोषणविद् अतुल उपाध्याय बताउँछन्।

**दूध उमाल्दा र सेवन गर्दा ध्यान दिनुपर्ने कुराहरू:**

पोषणाको नाशः पटक-पटक उमाल्दा दूधका प्राकृतिक भिटामिन र प्रोटिनको गुणस्तर बिग्रन्छ।

**पाचनमा समस्या:**

ओभरहिट (धेरै तातो) गरिएको वा धेरै बाक्लो र डढेको दूध पचाउन पेटलाई गाह्रो हुन्छ।

**एक पटक मात्र उमाल्ने:**

दूधलाई एक पटक राम्ररी उमालेर (३ मिनेटभन्दा बढी समय नलगाई) प्रयोग गर्नु सुरक्षित हुन्छ।

**सुरक्षित भण्डारण:**

उमालेको दूधलाई चिसो बनाएर फ्रिजमा राख्ने र आवश्यकता अनुसार एक पटक हल्का तातो बनाएर पिउने गर्नुपर्छ।

**दूध सेवनका फाइदा र अपनाउनुपर्ने सावधानी:**

दूधमा मानव शरीरलाई चाहिने आवश्यक पोषक तत्वहरू हुन्छन्। दूधमा हड्डीदेखि दाँत बलियो बनाउनेसम्मका पोषण तत्त्व पाइन्छ।

यसमा क्याल्सियम, फोस्फोरस, प्रोटिन, भिटामिन बी-१२, भिटामिन 'ए' लगायत स्वास्थ्यवर्धक तत्त्व पाइन्छ। तर, दूधलाई बारम्बार उमालेर खाएमा यी पौष्टिक तत्त्वहरू नष्ट हुन्छन्। वास्थ्य खबरबाट

# स्याङ्जाको पूर्वाधार कार्यालयबाट ४९ करोड फिर्ता

स्याङ्जा । स्याङ्जाको पूर्वाधार विकास कार्यालयबाट गएको वर्ष ४९ करोडभन्दा बढी बजेट फिर्ता (फ्रिज) भएको छ । आर्थिक वर्ष २०८२/८३ का लागि विनियोजित एक अर्ब ९ करोड ८१ हजारमध्ये ४९ करोड ४४ लाख रुपैयाँ अर्थात् ४५ प्रतिशत बजेट फिर्ता भएको हो ।

चालु र पुँजीगत गरी समग्रमा ४५ प्रतिशत बजेट फिर्ता गरेको पूर्वाधार कार्यालयले पुँजीगततर्फको मात्रै ४६ प्रतिशत बजेट फिर्ता गरेको छ । पुँजीगत एक अर्ब ७ करोड तीन लाख ५२ हजार रुपैयाँ कुल बजेटमध्ये ५८ करोड २३ लाख ६३ हजार रुपैयाँ बजेट खर्च गर्दै ४८ करोड ७९ लाख ८९ हजार रुपैयाँ अर्थात ४६ प्रतिशत बजेट फिर्ता भएको कार्यालयले जनाएको छ ।

पुँजीगत अर्थात विकास बजेटको ४६ प्रतिशत रकम फिर्ता भएपछि पूर्वाधार विकास कार्यालयको कार्यशैलीप्रति गम्भीर प्रश्न खडा भएको छ । बहुवर्षीय आयोजनाका निर्माण कम्पनीले काममा ढिलाइ गरेकै कारण पुँजीगत शीर्षकको ठूलो बजेट फिर्ता भएको कार्यालयका प्रमुख गुरुदत्त अधिकारीले जानकारी दिए । उनका अनुसार चालुतर्फको एक करोड ९७ लाख २९ हजारमध्ये एक करोड ३३ लाख ८ हजार खर्च गर्दै कार्यालयले ६४ लाख २१ हजार रुपैयाँ बजेट फिर्ता भएको छ ।

ठूला आयोजनामध्ये गल्याङ-चापाकोट सडकको १४ करोड १८ लाख, ग्याग्दीखोला करिडोरको ६ करोड रुपैयाँ बजेट खर्च हुन नसक्दा फिर्ता भएको छ । त्यस्तै तनहुँको शुक्लागण्डकीबाट स्याङ्जाको हरिनाश गाउँपालिका जोड्ने सडकको दुई करोड २५ लाख रुपैयाँ फिर्ता भएको छ भने वालिङ-हुवास जोड्ने सडकको दुई करोड २५ लाख र




ज्यामिरे- कोल्मा- काउले सडकतर्फको दुई करोड २५ लाख रुपैयाँ बजेट खर्च हुन नसक्दा फिर्ता भएको कार्यालयले जनाएको छ ।

त्यसैगरी वालिङस्थित रत्ने-सुन्तलाबारी, अर्जुनचौपारी- रापाकोट, मालेबगर- न्वारभञ्ज्याङ, सिरुबारी- दरौ, भीरकोटको बलमाटा- चिदद्ध्यार-खिलुङ, कालीगण्डकीको बिर्घा- गहलाम- वनकसी खहरे सडक सुधार आयोजनाको ठूलो बजेट फिर्ता भएको छ । पुराना र नयाँ सडक आयोजनासँगै सडक पुल, झोलुङ्गे पुल र क्रमागततर्फका केही योजनाका बजेट खर्च हुन नसक्दा बजेट फिर्ता गर्नुपरेको पूर्वाधार विकास कार्यालयका इञ्जिनियर तथा सूचना अधिकारी पोषराज पौडेलले जनाए ।

प्रदेश सरकार मातहतका जिल्लास्थित कार्यालयले ८० करोड ७६ लाख ६६ हजार रुपैयाँ फिर्ता गर्दा पूर्वाधार विकास कार्यालयको मात्रै ४९ करोड ४४ लाख रुपैयाँ बजेट फिर्ता भएको कोष तथा लेखा नियन्त्रक कार्यालय स्याङ्जाले जनाएको छ । प्रदेश सरकारले आर्थिक वर्ष २०८२/८३ मा दुई अर्ब ६६ करोड २७ लाख ८ हजार विनियोजन गरेकोमा एक अर्ब ८५ करोड ५० लाख ४२ हजार खर्च हुँदा ८० लाख ७६ लाख ६६ हजार रुपैयाँ बजेट फिर्ता भएको हो ।

विकास निर्माणका लागि सरकारबाट विनियोजित पुँजीगत शीर्षककै मोटो बजेट खर्च हुन नसकी फिर्ता हुनु जिल्लाकै लागि दुर्भाग्य भएको निर्माण व्यवसायी जगतबन्धु कोइरालाले बताए । बजेट अभावमै अन्य कार्यालयले विकास निर्माण गतिविधि सञ्चालन गर्नबाट वञ्चित हुँदा पूर्वाधार विकास कार्यालयबाट मोटो बजेट फिर्ता हुनुले जिल्लाकै लागि दुर्भाग्य भएको कोइरालालाको भनाइ छ ।

उता संघ सरकारबाट प्राप्त चालु र पुँजीगत शीर्षकको ८ अर्ब १६ करोड ३६ लाख ८६ हजारमध्ये ७ अर्ब ८२ करोड ४४ लाख एक हजार रुपैयाँ खर्च हुँदा झण्डै ३३ करोड ९२ लाख ८५ हजार रुपैयाँ बजेट फिर्ता भएको छ । फिर्ता भएको रकम कुल बजेटको करिब ५ प्रतिशत बराबर हो । अधिकांश कार्यालयबाट चालु खर्चको तुलनामा पुँजीगत बजेट बढीमात्रामा फिर्ता भएको छ ।

# व्यावसायिक तालिमबारे अन्तर्क्रिया



बुटवल । रूपन्देही उद्योग संघ र लुम्बिनी प्रदेशका सचिवस्तरीय टोलीबिच प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमसम्बन्धी अन्तरक्रिया भेटघाट कार्यक्रम सम्पन्न भएको छ ।

रुपन्देही उद्योग संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा अध्यक्ष पराजुलीले उद्योगको आवश्यकता र बजारको मागअनुसार दक्ष जनशक्ति उत्पादन गर्न प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमकार्यक्रमलाई उद्योगसँग अझ प्रभावकारी रूपमा जोड्नुपर्नेमा जोड दिए । उनले उद्योग क्षेत्रमा आवश्यक सीप र जनशक्तिको पहिचान गरी सोहीअनुसार तालिम सञ्चालन गर्न सके युवालाई रोजगारीसँग जोड्न सहज हुने बताए ।

कार्यक्रमका प्रमुख अतिथि लुम्बिनी प्रदेश सरकारका प्रमुख सचिव कृष्णप्रसाद काप्रीले प्रदेशको आर्थिक विकास, रोजगारी सिर्जना र उत्पादन वृद्धि गर्न दक्ष जनशक्तिको महत्वपूर्ण भूमिका रहने बताउँदै टिभेट कार्यक्रमलाई परिणाममुखी बनाउन सरकार, उद्योग र तालिम प्रदायक संस्थाबिच सहकार्य आवश्यक रहेको धारणा राखे ।

उनले उद्योगको वास्तविक आवश्यकता बुझेर तालिमका कार्यक्रम सञ्चालन गर्न सके सीप सिकेका युवालाई रोजगारी तथा स्वरोजगारसँग जोड्न सकिने बताए ।

सामाजिक विकास मन्त्रालय लुम्बिनी प्रदेशका प्रदेश सचिव सुशीला अर्यालले टिभेटक्षेत्रलाई समयअनुकूल र रोजगारमुखी बनाउनुपर्नेमा जोड दिँदै निजी क्षेत्र तथा उद्योगसँगको सहकार्यलाई थप मजबुत बनाउनुपर्ने बताइन् ।

उनले तालिममा मात्र सीमित नभई तालिमपछि रोजगारी, उद्यमशीलता र सीपको प्रयोग सुनिश्चित गर्ने वातावरण निर्माण गर्नुपर्ने धारणा व्यक्त गरिन् ।

त्यस्तै, सामाजिक विकास मन्त्रालयका उपसचिव हरिकला सारुले प्रदेशमा सञ्चालन भइरहेका सीप विकास तथा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमकार्यक्रमको प्रभावकारिता बढाउन सरोकारवाला निकायबीच निरन्तर समन्वय र अनुभव आदानप्रदान आवश्यक रहेको बताइन् ।

कार्यक्रममा रुपन्देही उद्योग संघका वरिष्ठ उपाध्यक्ष जीवकान्त काफ्ले, प्रथम उपाध्यक्ष हरिबहादुर खत्री, कोषाध्यक्ष विशाल बेलबासे, सचिव अशोक कुँवर, सहकोषाध्यक्ष राजु घिमिरे तथा कार्यसमिति सदस्यहरू र उद्योगीको सहभागिता रहेको थियो।

त्यसैगरी, इन्स्योर परियोजना लुम्बिनी प्रदेशका प्रबन्धक अम्बिका प्रसाद तिमिल्सिना र लुम्बिनी प्रदेश टिभेटकोर्डिनेटर नेपालुराम चौधरीलगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा संस्थाका प्रमुख कार्यकारी अधिकृत यादवप्रसाद भण्डारीले प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमक्षेत्र, उद्योगको आवश्यकता, सीप विकास तथा रोजगारसँग जोडिएका विषयमा प्रस्तुतिकरण गरेका थिए । प्रस्तुतिकरणमा उद्योगको मागअनुसार सीपयुक्त जनशक्ति उत्पादन, तालिमको प्रभावकारिता तथा उद्योग-तालिम प्रदायकबिचको सहकार्यका विषयमा जानकारी प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा सहभागी वक्ताहरूले सीप विकासलाई उद्योगको आवश्यकता र रोजगारीसँग प्रत्यक्ष जोड्नुपर्ने, युवालाई बजारको मागअनुसार व्यावहारिक सीप प्रदान गर्नुपर्ने तथा प्रदेश सरकार, उद्योग र सम्बन्धित संस्थाबिच सहकार्यलाई थप प्रभावकारी बनाउनुपर्नेमा साझा धारणा व्यक्त गरेका थिए ।

कार्यक्रमले लुम्बिनी प्रदेशमा टिभेटकार्यक्रमलाई उद्योगको आवश्यकता, सीप विकास र रोजगारीसँग जोड्दै अघि बढाउन थप सहकार्य र समन्वयको आधार तयार गरेको आयोजकले जनाएको छ ।

**जनताभन्दा ...**

"मेरो विगतको अनुभव मुलुक र पार्टीले लिन सक्नुपर्छ र त्यो अनुभव नयाँ पुस्तालाई सेयर गर्नु मेरो दायित्व पनि हो ।"- उनले भनेका छन् ।

**'माओवादी द्वन्द्वदेखि पार्टी विवादसम्म मिलाप गराएको अनुभव छ'**

देउवाले विगतका विभिन्न जटिल राजनीतिक घटनाक्रममा आफूले निर्वाह गरेको भूमिकाको स्मरण गरेका छन् । माओवादीको सशस्त्र द्वन्द्वदेखि मुलुकका अन्य जटिल राजनीतिक घटनाक्रम तथा नेपाली कांग्रेसभित्र उत्पन्न विवादहरूमा समेत आफूले मिलापको भूमिका निर्वाह गरेको उल्लेख गर्दै उनले आगामी दिनमा आफ्नो अनुभव नयाँ पुस्तालाई हस्तान्तरण गर्ने बताएका छन् ।

उनले कांग्रेसले आत्मसमीक्षा गर्दै गल्ती सच्याउने र निरन्तर सुधारको बाटोमा अघि बढ्नुपर्ने बताएका छन् । "यदि हामी कतै विचलित भएका छौँ भने सुधार गर्नेछौँ, यदि कतै चुक्यौँ भने पुनः उठ्नेछौँ ।"- देउवाले भनेका छन् । देउवाले आफ्नो सम्बोधनको अन्त्यमा राष्ट्रिय एकताको विषयलाई विशेष प्राथमिकता दिएका छन् । उनले २०३३ सालमा बीपी कोइराला भारत निर्वासनबाट नेपाल फर्कंदा राष्ट्रवादी र प्रजातन्त्रवादी शक्तिहरू एक हुनुपर्ने आह्वान गरेको प्रसंग स्मरण गर्दै अहिले पनि मुलुकलाई सर्वपक्षीय राष्ट्रिय एकताको आवश्यकता रहेको बताएका छन् ।

"मलाई लाग्छ- फेरि ४७ वर्षपछि हाम्रो राष्ट्रिय एकतालाई मजबुत गर्न सर्वपक्षीय राष्ट्रिय एकताको आवश्यकता देखिएको छ ।"- उनले भनेका छन् । उनले विगतका राजनीतिक विभाजन र विद्वेषका घाउ निको पार्न तथा प्रतिशोधको राजनीतिबाट बाहिर निस्कन आग्रह गरेका छन् । उनको सन्देशमा बालबालिकाले निर्भीक भएर सपना देख्न सक्ने, ज्येष्ठ नागरिकले सम्मानपूर्वक जीवन बिताउन सक्ने तथा सबै समुदायले समान अवसर र समृद्धिको अनुभूति गर्न सक्ने नेपाल निर्माणको परिकल्पना गरिएको छ ।

देउवाले सार्वजनिक जीवनमा पदमा बसेर काम गर्दा आलोचना र प्रत्यालोचना स्वाभाविक भएको बताएका छन्। तर आफूले राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, नागरिक, संविधान र कानुनलाई सर्वोपरि मानेर काम गरेको दाबी गरेका छन् । उनले कानुन र नीतिविपरीत कुनै काम नगरेको दाबी गर्दै आफ्नो जीवन खुला किताब भएको बताएका छन् । "अझ पनि जीवन रहँदासम्म राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, मुलुक र जनताको सर्वोत्तम हित, संविधान, कानुन र नैतिकता-मूल्यमान्यताअनुरूप काम गर्नेछु ।"- देउवाले भनेका छन् । उनले आफू कुनै पनि विषयमा सम्झौता नगर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

"म नेता बनेर होइन, यस महान् राष्ट्रको आजीवन नागरिक बनेर फर्किएको छु- विनम्रता, समर्पण र प्रेमका साथ सेवा गर्न तत्पर," भन्दै देउवाले आफ्नो सम्बोधन अन्त्य गरेका छन् । झण्डै पाँच महिनाको स्वास्थ्य उपचारपछि स्वदेश फर्किएका देउवाको यो अभिव्यक्तिले कांग्रेसभित्रको आन्तरिक एकता, पुस्तान्तरण, वर्तमान सरकारप्रतिको दृष्टिकोण र राष्ट्रिय सहमतिको आवश्यकताबारे उनको आगामी राजनीतिक भूमिकाको संकेतसमेत गरेको छ । विशेषगरी पार्टीभित्र बढ्दो असन्तुष्टि र नयाँ पुस्ताको दबाबका बीच देउवाले आफ्नो राजनीतिक अनुभवलाई नयाँ पुस्तासँग जोड्ने र कांग्रेसलाई पुनः सामूहिक भावनामा अघि बढाउने सन्देश दिएका छन् ।

**वरिष्ठ ...**

उनले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्दै कानुनी प्रक्रिया पालना गर्नुपर्नेमा जोड दिएका छन् । पत्रकार किशोर श्रेष्ठलाई प्रहरीले पक्राउ गरेकोमा राप्रपाले विरोध जनाएको छ । पत्रकार श्रेष्ठ पक्राउको घटनाले प्रेसप्रति सरकारको कमजोर प्रतिबद्धता प्रतिविम्बित भएको राप्रपाको ठहर छ ।

प्रगतिशील लोकतान्त्रिक पार्टीले पनि विज्ञप्ति निकालेर पत्रकार श्रेष्ठ पक्राउको कडा शब्दमा विरोध जनाउँदै रिहा गर्न माग गरेको छ । राप्रपाका प्रवक्ता मोहन कुमार श्रेष्ठले समाचार लेखेकै आधारमा पत्रकार श्रेष्ठलाई पक्राउ गरेकोमा गम्भीर ध्यानाकर्षण भएको भन्दै उनको रिहाको माग गरेका छन् ।

उनले फेसबुकमा लेखेका छन्-'समाचारको विषयमा उजुरी र छानबिन गर्न प्रेस काउन्सिल जस्ता निकायहरु छन्, सिधै प्रहरी प्रशासनको प्रवेश गराएर सरकारले राजनीति गर्न खोज्नु उपयुक्त हुँदैन ।' उनको प्रश्न छ- 'राज्यका सबै संयन्त्रको मनोबल कमजोर बनाएर सरकारले हासिल गर्न खोजिरहेको उपलब्धि के होला ? स्वतन्त्र प्रेसलाई निर्वाध काम गर्न देऊ, नियमन गर्नुपर्ने ठाउँबाट नियमन गर, पत्रकार श्रेष्ठलाई रिहा गर । श्रेष्ठलाई समाचार लेखेकै आधारमा प्रहरीले पक्राउ गरेको घटनाप्रति नेपाल बार एशोसिएशन (नेबाए), मानव अधिकार तथा जनसरोकार समितिले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

समितिका सदस्य सचिव अधिवक्ता किरण न्यौपाने र सह-संयोजक अधिवक्ता डा. राजेन्द्र घिमिरेले विज्ञप्ति जारी गर्दै श्रेष्ठको तत्काल र निशर्त रिहाइको माग गरेका हुन् । प्रकाशित समाचारको विषयमा कुनै गुनासो वा आपत्ति भएमा प्रचलित कानुनी प्रक्रियामार्फत् समाधान खोजिनुपर्ने विश्वव्यापी मान्यता नेपालले पनि अपनाउँदै आएको विज्ञप्तिमा स्मरण गराइएको छ ।

समाचार लेखेकै आधारमा सञ्चारकर्मीलाई पक्राउ गरिनु, सञ्चार गृह बन्द गराइनु र परिवारका सदस्यहरूलाई मानसिक यातना दिइने जस्ता कार्य आधुनिक समयमा पटक्कै नसुहाउने समितिले उल्लेख गरेको छ । संविधानले सुनिश्चित गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक र स्वतन्त्र पत्रकारिताको अधिकार लोकतान्त्रिक व्यवस्थाका मुख्य गहना भएकाले यसलाई कतैबाट पनि बिर्सन नहुने धारणा समितिले राखेको छ । सञ्चारकर्मी र सञ्चारमाध्यमले कानुनी पालना गर्नुपर्ने विषयमा स्पष्ट रहँदाहात्ती पनि सरकारबाट बेलाबेलामा हुने यस्ता क्रियाकलापले चिन्तित तुल्याएको विज्ञप्तिमा जनाइएको छ ।

हिरासतमै रहेको अवस्थामा श्रेष्ठका परिवार तथा कानुन व्यवसायीहरूलाई समेत भेट्न नदिएको भन्ने समाचार प्राप्त भएको भन्दै समितिले सुरक्षा निकायको ध्यानाकर्षण गराएको छ । विज्ञप्तिमा भनिएको छ-'सञ्चारकर्मी श्रेष्ठलाई तत्काल र निशर्त रिहाइ गरी त्रासदीपूर्ण वातावरणको अन्त्य गर्न माग गर्दछौँ । हिरासतमै रहेको अवस्थामा परिवार तथा कानुन व्यवसायीलाई समेत भेट्न नदिएको विषयमा सरोकार दर्शाउँदै निजलाई संविधानप्रदत्त अधिकार प्रदान गर्न सुरक्षा निकायको ध्यानाकर्षण गराउँछौँ ।'

नेपालको संविधानले नै पूर्ण ग्यारेन्टी गरेको नागरिकको सुसूचित हुन पाउने हक अधिकारलाई कुनै पनि बहानाबाजीमा अङ्कुश नलगाउन समितिले सबै पक्षसँग आग्रह गरेको छ । नेपालको संविधानको धारा १९ मा उल्लेखित सञ्चारको हकमा 'कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापे वापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने उपकरण अन्य सञ्चार माध्यमलाई बन्द, जफत गरिने छैन' भन्ने व्यवस्था छ ।

प्रहरीले श्रेष्ठको घर र कार्यालयमा छापा मारेर केही कम्प्युटरहरू बरामद गरेको छ । पत्रकारको हक-अधिकारको वकालत गर्नेहरूले यसको चर्को विरोध गरेका छन् । वरिष्ठ अधिवक्ता टिकाराम भट्टराईका अनुसार, सञ्चार माध्यमका कार्यालयबाट सामग्री र उपकरण जफत गरिनु संविधानविपरीत काम हो ।

सञ्चार माध्यमहरूमा प्रकाशित विषयवस्तुले कुनै नागरिकको गोपनीयताको हक हनन गरेको हो कि होइन भन्ने विषय सम्बन्धित विशेषज्ञले मात्रै निर्क्योल गर्न सक्ने मान्यता राखिन्छ । सञ्चार माध्यमका सामग्रीबारे प्रेस काउन्सिलले नै अनुगमन र आवश्यक परे अनुसन्धान गर्न सक्ने अवस्थामा प्रहरीले सम्पादक र सञ्चार माध्यमको कार्यालयमा धरपकड गर्नु गैरकानुनी हो ।

पछिल्ला दिनहरूमा सरकारका एकपछि अर्को क्रियाकलापले प्रेस स्वतन्त्रतामाथि अतिक्रमण गरिरहेको कतिपयको आरोप छ । केही साताअघि मात्रै सञ्चार माध्यममा 'राज्य संरक्षित' गाडी पार्किङ आतंक मच्चाइएको थियो । जनआस्था साप्ताहिकमा केही महिनायता प्रकाशित विभिन्न विषयवस्तुले कतिपय सरकारी अधिकारीहरू आक्रोशित थिए । र, यसअघि पनि जनआस्था सम्पादक श्रेष्ठ पक्राउ हुँदै छन् भनी सामाजिक सञ्जालमा हल्ला चलेको थियो ।

पत्रकार र सञ्चार माध्यमका सूचनादाता (स्रोत)को गोपनीयता संरक्षण अत्यन्त महत्वपूर्ण मानिन्छ । समाचारको सत्यता पुष्टि गर्ने जिम्मेवारी पत्रकारको रहे पनि सूचनादाताको संरक्षणका लागि उसले सदैव स्रोतको गोपनीयता कायम राख्ने हक राख्छ । प्रहरीले जनआस्थाको कार्यालयमा छापा मारेर बरामद गरेका उपकरणहरूबाट उसले प्राप्त गरेका सूचनाका स्रोतको पहिचानसमेत खुल्न सक्ने जोखिम छ, जुन काम पत्रकारिताको विशेषाधिकारको उल्लंघनसमेत हो ।

पत्रकार महासंघकी अध्यक्ष निर्मला शर्मा भन्छिन्-'प्रहरीले पत्रकारका संवेदनशील सूचनामा अनधिकृत पहुँच पुऱ्याए सूचनादाताको गोपनीयता भंग हुन जान्छ । यसबाट सूचना दिनेहरूलाई नै अप्ठेरोमा पार्ने काम भयो, जुन बदनीयतपूर्ण काम हो ।'

वरिष्ठ अधिवक्ता टिकाराम भट्टराई सञ्चार माध्यममा प्रकाशित समाचारमा गोपनीयताको प्रश्न उठेमा विषयवस्तु परीक्षण गर्ने क्षेत्राधिकार प्रहरीसँग नभई प्रेस काउन्सिलसँग हुने बताउँछन् ।

'प्रहरीले सञ्चार माध्यमहरूमा प्रकाशित समाचारको अनुगमन र गोपनीयताको नाममा अनुसन्धान गर्न थाल्यो भने सत्ताको आलोचना गर्ने कोही पनि जोगिँदैनन्,' भट्टराई भन्छन्- 'फरक मत र आलोचना सुन्न नसकेर सरकार प्रतिक्रियामा उत्रेको देखियो । यो त शाही शासनकालको झल्को आउने काम भयो ।'

नेपाल प्रेस काउन्सिल नेपालले जनआस्था साप्ताहिकका सम्पादक किशोर श्रेष्ठलाई पक्राउ गरिएको विषयमा गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । प्रेस विज्ञप्तिमा भनिएको छ-'नागरिकको सूचनाको हकको प्रत्याभूति प्रेस स्वतन्त्रताबाटै हुने भएकाले प्रेसको मर्यादा कायम राख्नु सम्बद्ध सबैको कर्तव्य हो । प्रेस स्वतन्त्रताको सदुपयोग र सम्मान हुनुपर्दछ । काउन्सिल सञ्चारकर्मको क्रममा पत्रकार / सञ्चारकर्मीद्वारा प्रस्तुत कार्यशैली, व्यवहार तथा पेसागत मर्यादा एवं आचरणप्रति पनि उत्तिकै चिन्तित छ । प्रेस स्वतन्त्रताको प्रयोग गर्ने नाममा हुनसक्ने स्वच्छन्दतातर्फ सबै पत्रकार / सञ्चारकर्मी सचेत हुनैपर्दछ । सत्य, तथ्य र सन्तुलित एवं विश्वसनीय पत्रकारिताको माध्यमबाट यसको व्यावसायिक अभ्यासलाई उच्च पेसागत मर्यादित, जवाफदेही एवं उत्तरदायी बनाउँदै प्रेस स्वतन्त्रताको दुरूपयोग हुन नदिनेतर्फ सजगता अपनाउनै पर्दछ ।'

काउन्सिलले आफ्नो क्षेत्राधिकारभित्र रहेर दुवै दृष्टिकोणबाट पत्रकार र सञ्चारमाध्यमको अनुगमन गर्दै आएको विषयलाई मध्यनजर गरी कुनै समाचारको विषयमा चित्त नबुझे उजुरी दिन सरोकारवाला सबै पक्षमा अनुरोध गरेको छ । 'स्वस्थ पत्रकारिताको विकासका लागि उपर्युक्त वातावरण सिर्जना गर्ने, प्रेस स्वतन्त्रताको दुरुपयोग हुन नदिने, पत्रकारितासम्बन्धी आचारसंहिता तोक्ने, प्रेस र नेपाल सरकारबीच सौहार्दपूर्ण सम्बन्ध कायम राख्ने, सार्वजनिक नैतिकता र नागरिकहरूको मर्यादा कायम राख्न लगाउने र प्रेस स्वतन्त्रता र पत्रकारिताको मर्यादामाथि हस्तक्षेप हुन नदिन प्रयत्नशील रहने काउन्सिलको अहम् उद्देश्य र जिम्मेवारी हो,' विज्ञप्तिमा भनिएको छ ।

**ECHS कार्ड हराएको सूचना**

जिल्ला रूपन्देही तिलोत्तमा नगरपालिका-२, स्थायी बासिन्दा सुरेश क्षेत्री (Suresh Chetri)को नाममा रहेको ECHS Card No: NE 000009442916, पवित्रा क्षेत्री (Pavitra Chetri ) ECHS Card No: NE 000009442935 नम्बर भएको ECHS Card शंकरनगरदेखि एड्मण्डसिटी हस्पिटल जितगढी बुटवल जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालयमा वा निम्न ठेगानामा सम्पर्क गरिदनु हुन अनुरोध गर्दछु ।

नामः सुरेश क्षेत्री (Suresh Chetri)
पवित्रा क्षेत्री (Pavitra Chetri )
ठेगानाः तिलोत्तमा नगरपालिका-२, शंकरनगर
सम्पर्क नं. : ९८४४७७५५७५

गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
(प्रशासन शाखा)
सिद्धार्थनगर, रूपन्देही

**विषयः प्रमाणित सम्बन्धमा ।**

मितिः २०८३।०४।२९

**श्री जो जससँग सम्बन्ध छ ।**

जिल्ला रुपन्देही देवदह नगरपालिका वडा नं. ८ मा बस्ने भारतीय भु.पु. सैनिक नं. ५०४१७५१L हवल्दार पदका पेन्सनर जित बहादुर सिंजालीले आफ्नो श्रीमतीको नेपाली नागरिकता प्रमाणपत्रमा नाम थर देवी सिंजाली रहेको र आफ्नो भारतीय पेन्सन अभिलेखमा श्रीमतीको नाम थर हेम कुमारी थापा रही नाम थर र जन्म मिति फरक परेकोमा उपरोक्त दुवै नाम थर भएको व्यक्ति एकै व्यक्ति रहेकोले सोही व्यहोरा प्रमाणित गरिपाउँ भनी यस कार्यालयमा निवेदन पेश गर्नु भएकोमा देवदह नगरपालिका ८ नं. वडा कार्यालयको च.नं १२८ मिति २०८३/०४/२६ को सिफारिस एवं जिल्ला प्रशासन कार्यालय गुल्मीको च.नं. ७२४४ मिति २०७५/०२/०६ को व्यक्ति प्रमाणित पत्रबाट समेत । लेखी आएकोले सोही व्यहोरा सिफारिस गरिएको छ ।

**प्रमुख जिल्ला अधिकारी**

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी



**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।
लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



**च्याउ सुकाउँदै महिलाः**
रूकुम पूर्व र बागलुङको सिमानास्थित पाथीहाल्नेमा जङ्गली च्याउ सुकाउँदै स्थानीय महिला । तस्विरः रासस

# स्याङ्जामा ९८ प्रतिशत रोपाइँ सकियो



**प्रकाश डोटेल**
*स्याङ्जा*

स्याङ्जामा ९८ प्रतिशत क्षेत्रफलमा रोपाइँ सकिएको छ। धान रोपाइँ हुने क्षेत्रफलमध्ये साउनको अन्तिम हप्तासम्म झण्डै ९८ प्रतिशत क्षेत्रफलमा रोपाइँ सकिएको कृषि विकास कार्यालयले जनाएको छ।

जिल्लाका चापाकोट टार, जिमुहा, वालिङ, पकान, डौँवा, लामागे, ठूलाडिही, साँखर, चिन्नेबास तथा आँधीखोला, ज्याग्दीखोला र दरौँखोला आसपासका क्षेत्र धान उत्पादन हुने प्रमुख पकेट मानिन्छ । स्थानीय कृषकले उन्नत जातका खुमल, राधा, साँवा मन्सुलीलगायतका र हाईब्रिड युएस ३१२, गोरखनाथ, एरिराइज ६४४४, पिएचबि ७१ जस्ता जातका धानहरु कृषकले रोप्ने गरेका छन् ।

जिल्लामा सामान्य धानका ब्याडहरु र खनेर रोप्ने साना सुर्काहरु बाहेक धान खेती हुने क्षेत्रफलमा धान रोपाइँ सकिएको कार्यालयले जनाएको छ । असार साउनमा राम्रो वर्षा भएका कारण धानका बिरुवाले राम्ररी जरा, हाँगा हाल्न सजिलो भएकाले यस पटक धान उत्पादन राम्रो हुने अनुमान गरिएको छ । मौसम अनुकुल भएका कारण धानखेती राम्रो हुने देखिएको हो ।

पछिल्लो समय कृषकहरु हाईब्रिड जातका धानखेतिमा आकर्षित हुन थालेका छन् । उत्पादन धेरै हुने कारण हाईब्रिड जातका धान कृषकको रोजाइँमा पर्दै गएको छ । स्थानीय र उन्नत जातको धानको तुलनामा हाईब्रिड धानमा उत्पादन धेरै लिन सकिने कृषि विकास कार्यालय स्याङ्जाका सूचना अधिकारी तथा कृषि अधिकृत नारायणप्रसाद पाठकले जनाए ।

जिल्लामा धान रोपाइँ हुने क्षेत्रफल घट्दै गएको छ । पछिल्लो तथ्यांकअनुसार १३ हजार ६८५ हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुने भए पनि बढ्दो शहरीकरण, सडक विस्तार र घरघडेरी निर्माणका कारण खेतीयोग्य जमिन घट्दै गएको कार्यालयले जनाएको छ । आर्थिक वर्ष २०८०/८१ मा जिल्लामा १४ हजार ३९० हेक्टर क्षेत्रफलमा धान खेती हुने गरेको थियो ।

# इन्टलेक्चुअल एकेडेमीमा करियर काउन्सिलिङ कार्यक्रम



बुटवल । अन्तर्राष्ट्रिय युवा दिवस २०२६ को अवसरमा बुटवल-११, कालिकानगरस्थित इन्टलेक्चुअल एकेडेमीले विद्यार्थीहरूलाई लक्षित गरी 'करियर काउन्सिलिङ तथा मार्गदर्शन कार्यक्रम' आयोजना गरेको छ ।

कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि एवं त्रिभुवन विश्वविद्यालय, 'एजुकेसन प्लानिङ एन्ड म्यानेजमेन्ट'का प्राध्यापक तथा बुटवल बहुमुखी क्याम्पसका पूर्व क्याम्पस प्रमुख प्रोफेसर आनन्दमान सिंह शाक्यले किताबी ज्ञानमा मात्र सीमित नरहेर कक्षाकोठा बाहिरको व्यावहारिक शिक्षा ग्रहण गर्नु आजको युगमा अनिवार्य भइसकेको बताए । उनले भने-'पाठ्यपुस्तकले जग बसाल्छ, तर बाह्य जीवनका सीप र क्षमताले विद्यार्थीलाई प्रतिस्पर्धात्मक संसारमा अब्बल गराउँछ, इन्टलेक्चुअल एकेडेमीले विद्यार्थीको सर्वाङ्गीण विकासलाई ध्यानमा राखेर यस्तो उपयोगी कार्यक्रम आयोजना गर्नु सराहनीय छ ।'

कार्यक्रमका प्रमुख प्रशिक्षक रसायनशास्त्रका प्राध्यापक एवं चिल्ड्रेन प्याराडाइज इङ्लिस बोर्डिङ्ग स्कुल कपिलवस्तु का प्रिन्सिपल माधव बेलबासेले करियर मार्गको पहिचान शैक्षिक तथा व्यक्तिगत विकास, सीप निर्माण र भावी अवसरहरूबारे केन्द्रित रहेर सहजीकरण गर्नुभएको थियो । प्रशिक्षणपश्चात् आयोजित अन्तरक्रियात्मक सत्रमा विद्यार्थीहरू अविनम कुँवर, श्रेया गैरे, गृष्मा श्रेष्ठ, रोजिल थापा र शौरभ केसीलगायतले करियर चयन तथा क्षमता अभिवृद्धिका विषयमा प्रशिक्षकसँग प्रत्यक्ष संवाद गरेका थिए ।

समारोहका अध्यक्ष एवं एकेडेमीका प्रबन्ध निर्देशक रामराज पोखेलले यस वर्षको युवा दिवसको मूल नारा 'फरक परिवेश, साझा अकांक्षा' माथि प्रकाश पारेका थिए । उनले भने- 'हाम्रा विद्यार्थीहरू फरक-फरक पृष्ठभूमि वा परिवेशबाट आएका हुन सक्छन्, तर उहाँहरूको साझा अकाङ्क्षा भनेकै एक सुन्दर र सफल भविष्य निर्माण गर्नु हो । केवल परीक्षाको नतिजा वा अङ्क मात्रै सफलताको मापदण्ड हुन सक्दैन; उत्कृष्ट नतिजाका साथै व्यावहारिक सिपयुक्त असल नागरिक बनाउनु नै हाम्रो मुख्य ध्येय हो ।'

सो अवसरमा विद्यालयका विद्यार्थीहरू सिम्रन बस्याल र एसिरा थापाले अन्तर्राष्ट्रिय युवा दिवसको महत्व र कार्यक्रमको औचित्यबारे आफ्ना धारणा राखेका थिए । साथै, स्काउटमा आबद्ध विद्यार्थीहरूले युवाका कथा-व्यथा र आशा समेटिएका प्रेरणादायी गीतमा नृत्य प्रस्तुत गरेका थिए ।

विद्यालयकी को-अर्डिनेटर माया पौडेलले सञ्चालन गरेको उक्त कार्यक्रममा शिक्षक, कर्मचारी तथा विद्यार्थीहरूको उपस्थिति रहेको थियो ।

# मणिग्रामको रामेश्वर महादेव मन्दिरमा शिव महापुराण सत्संग सुरु



बुटवल । रुपन्देहीको तिलोत्तमा-५, मणिग्रामस्थित श्री रामेश्वर महादेव मन्दिरमा शिव महापुराण सत्संग तथा महारुद्राभिषेक महोत्सव शुरु भएको छ ।

सनातनी युवा मञ्चको आयोजनामा भएको कार्यक्रम अन्तर्गत पहिलो दिन मन्दिर परिसरबाट विभिन्न आमा समूह र टोल संस्था ले भेषभूषा र बाजागाजासहित बृहत् कलश शोभायात्रा पछि दिउँसो शिव महापुराण सत्संग उद्घाटन भएको छ ।

बिहीबार बिहान विधिवत् पूजापाठ र स्वस्तिवाचन सहित कलशयात्रा प्रारम्भ गरी मणिग्राम आशपास क्षेत्रमा कलशयात्रा गरिएको छ ।

उद्घाटन समारोहमा तिलोत्तमा गौशालाका अध्यक्ष कृष्णप्रसाद बरालले सनातनी युवाहरुको जागरुकतामा शिव महापुराण सत्संग आयोजनाले श्रावण मासमा शिव पूजनको महत्वलाई उजागर गरेको बताए ।

सनातनी युवा मञ्चका अध्यक्ष प्रेम सुजन शास्त्रीले धर्म संस्कृतिको रक्षा, प्रचारप्रसार, आध्यात्मिक ज्ञानको अभिवृद्धि साथै संस्थालाई साङ्गठनिक रुपमा सशक्त बनाउन शिव महापुराण सत्संग तथा महा रुद्राभिषेक महोत्सव गरिएको बताउनभयो । उहांले युवापुस्तालाई धर्मको बारेमा बुझाउन सनातनी युवामन्च सदा तत्पर रहने बताए ।

कार्यक्रममा स्वागत मन्तव्य सनातनी युवा मञ्चका सल्लाहकार चुडामणी पान्डेयले गरेका थिए भने सनातनीले समाजमा गर्नुपर्ने कर्तव्य र योगको विषयमा शुभयात्रा नेपालका संस्थापक अध्यक्ष मधुसुदन गैरेले प्रष्ट पारे । अर्का वक्ता यज्ञमूर्ति पाण्डेले मानसिक शान्तिका लागि आध्यात्मिक ज्ञानको आवश्यकता बारेमा स्पष्ट पारेका थिए ।

मातृशक्ति र समाजमा धर्मको महत्व र आवश्यताका विषयमा वामदेव खनालले बोलेका थिए ।

उद्घाटन कार्यक्रमको सञ्चालन सनातनी युवा मञ्चका संस्थापक सचिव निशान्त अधिकारीले गरेका थिए ।

कार्यक्रमअन्तर्गत प्रत्येक दिन बिहान ७ बजेदेखि ११ बजेसम्म शिव पूजन तथा महाअभिषेक, दिउँसो १ बजेदेखि देवी सत्सङ्ग प्रवचन, साँझ ५ बजे कथा समापन तथा प्रसाद वितरण र साँझ ७ बजेदेखि विशेष आरतीसँगै राष्ट्रिय कलाकारहरूको भजन-कीर्तन आयोजना गरिने छ ।

कार्यक्रममा सहभागी भएर धार्मिक अनुष्ठानसँगै सामाजिक तथा सांस्कृतिक एकताको सन्देश प्रवाह गर्न आयोजक संस्थाले सबैमा आग्रह गरेको छ ।

साउन महिनालाई शिव आराधनाका लागि विशेष महत्वका साथ मनाइने भएकाले कार्यक्रमले स्थानीय धार्मिक गतिविधिसँगै मन्दिर क्षेत्रमा भक्तजनको सहभागिता बढाउने अपेक्षा आयोजकको छ । कार्यक्रममा समाजसेवी कोषप्रसाद भट्टराई, सरस्वती पञ्चायतन मन्दिरका सचिव वामदेव खनाल र विभिन्न आमासमूहका अध्यक्षहरु लक्ष्मी न्यौपाने, कमला कँडेल, शिव कार्की सुवेदी, उमा शर्मालगायतले पनि सुझावहरु राखेका थिए ।

# आरटीआइले सयजनालाई निःशुल्क तालिम दिँदै



बुटवल । रुपन्देही ट्रेनिङ इन्स्टीच्युट (आरटीआइ) बुटवलले सात वर्षको यात्रा पूरा गरी आठौँ वर्षमा प्रवेश गरेको अवसरमा सयजना युवालाई निःशुल्क सीपमूलक तालिम प्रदान गर्ने घोषणा गरेको छ । संस्थाले आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत रोजगारीसँग जोडिने सीपमूलक तालिम प्रदान गर्ने जनाएको हो ।

आठौँ वर्ष प्रवेशका अवसरमा आयोजित पत्रकार सम्मेलनमा संस्थाका सञ्चालक सागर पाण्डेले सात वर्षको अवधिमा हजारौँ विद्यार्थीले संस्थामाथि गरेको विश्वासलाई सामाजिक जिम्मेवारीमार्फत फर्काउने उद्देश्यले आरटीआइ सिएसआर इनिसियटिभ २०२६ कार्यक्रम अघि बढाइएको बताए । अंग्रेजी वर्ष २०२६-२७ भित्र सय जना युवालाई उनीहरुले चाहेको विषयमा एक महिनेदेखि तीन महिना अवधिसम्मका तालिम पूर्णतः निःशुल्क रुपमा दिने घोषणा गरेर कार्यान्वयन गर्ने तयारीमा रहेको पाण्डेले बताए ।

"आठौँ वर्ष प्रवेश हाम्रा लागि समाजप्रतिको जिम्मेवारी अझ बढाउने समय हो । विगतमा विद्यार्थी, अभिभावक र समाजले हामीमाथि गरेको विश्वासको केही अंश समाजलाई फर्काउनुपर्छ भन्ने महसुस गरेर यो अभियान सुरु गरेका हौँ ।"- पाण्डेले भने ।

उनका अनुसार अभियानअन्तर्गत आरटीआइमा उपलब्ध रोजगारमूलक तालिममध्ये सहभागीको रुचि, आवश्यकता, योग्यता र क्षमता हेरेर उपयुक्त तालिम छनोट गरिनेछ । तालिमका लागि सहभागीबाट कुनै शुल्क नलिइने संस्थाले जनाएको छ ।

संस्थाकी सञ्चालक पूर्णिमा भुसाल पाण्डेले अभियानको उद्देश्य निःशुल्क प्रमाणपत्र वितरण गर्नु नभई युवालाई व्यवहारिक सीप दिएर उनीहरूको भविष्यमा वास्तविक परिवर्तन ल्याउनु रहेको बताइन् । उनका अनुसार आर्थिक तथा अन्य कारणले सीप सिक्ने अवसरबाट वञ्चित भइरहेका तर केही गर्ने इच्छा र क्षमता भएका युवालाई कार्यक्रमको प्राथमिकतामा राखिनेछ ।

"सीप सिक्ने इच्छा छ, अगाडि बढ्ने सपना छ तर अवसरको अभाव छ भने त्यस्ता युवासम्म यो कार्यक्रम पुग्नुपर्छ। हामीले दिएको तालिम उनीहरूको रोजगारी, स्वरोजगार वा उद्यमशीलताको बाटो बन्न सकोस् भन्ने हाम्रो चाहना हो ।"- पूर्णिमाले भनिन् । रोजगार बजारको मागअनुसार उपयोगी तथा व्यवहारिक सीप विकासमा संस्थाले जोड दिने जनाएको छ ।

सञ्चालक सागर पाण्डेले संस्थाको आगामी यात्रा अझ बढी जिम्मेवार र परिणाममुखी हुने बताए । "हामीलाई विश्वास गर्ने विद्यार्थी र समाजप्रति हाम्रो जिम्मेवारी छ । अबको यात्रा केवल संस्था विस्तार गर्ने होइन, सीप, रोजगारी र अवसरमार्फत समाजमा योगदान पुर्‍याउने पनि हो ।"- उनले भने ।

# वैवाहिक वर्षगाँठमा राहत सामग्री सहयोग



अर्घाखाँची । अर्घाखाँचीको सन्धिखर्क नगरपालिका-७ निवासी नारायण पुरी र विपना पुरीले आफ्नो छैठौं वैवाहिक वर्षगाँठको अवसरमा सामाजिक सेवाको उदाहरण प्रस्तुत गर्दै राहत सामग्री सहयोग गरेका छन् ।

दम्पतीले सन्धिखर्क नगरपालिका-२ भक्तिटोलास्थित सिद्धेश्वर शिवालय मन्दिरमा बसोबास गर्दै आएका बटुकहरूका लागि खाद्यान्न तथा शैक्षिक सामग्री उपलब्ध गराएका हुन् । विवाह वार्षिकोत्सवको अवसरमा होटल तथा रेष्टुरेण्टमा खर्च गर्नुको सट्टा सामाजिक कार्यमा सहयोग गर्ने उद्देश्यले आफूहरूले यस्तो कार्य गरेको नारायण पुरीले बताए । पुरी दम्पतीले मन्दिरमा ५० किलो चामल, ३० किलो दाल, ५ लिटर तेल, ५० थान कापी र ५० थान पेन सहयोग गरेका हुन् ।

लामो समयदेखि अर्घाखाँचीको प्रसिद्ध धार्मिक स्थल सुपादेउराली मन्दिर परिसरमा फूल तथा फोटो व्यवसाय गर्दै आएका पुरीले सामाजिक उत्तरदायित्वअन्तर्गत सहयोग गरेको बताए ।

सिद्धेश्वर शिवालय मन्दिर व्यवस्थापन समितिका अध्यक्ष नारायणप्रसाद खनालले पुरी दम्पतीको सहयोग प्रशंसनीय र अरूका लागि प्रेरणाको स्रोत भएको जनाए ।

कार्यक्रममा सन्धिखर्क नगरपालिका-७ का वडा अध्यक्ष चुराबहादुर केसी, नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश कोषाध्यक्ष प्रेमनारायण आचार्य, पत्रकार अनिल नेपालीलगायत सामाजिक अगुवाहरूको सहभागिता रहेको थियो ।

सहभागीहरूले पुरी दम्पतीको सामाजिक कार्यको प्रशंसा गरेका थिए । सिद्धेश्वर शिवालय मन्दिरमा हाल करिब ५० जना बटुक गुरुहरू बसोबास गर्दै आएका छन् ।

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !

आइडिया
डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

जिल्ला प्रशासन कार्यालय
गुल्मी



विषयः प्रमाणित सम्बन्धमा

जो जससंग सम्बन्धित छ ।
गुल्मी जिल्ला साविक बम्घा गा.वि.स. वडा नं. ८, हाल रुरुक्षेत्र गाउँपालिका वडा नं. ५ निवासी भारतीय भु.पु. पेन्सनर नं. १३९३८७७८Y का EX NK ठाकुर बहादुर कुवंर पट्टा अनुसार Thakur Bahadur Kaur को पत्नी तुल्सी देवी कुवरको नागरिकता नं. ११७४९ मा नाम थर तुल्सी देवी कुवर र निजको भारतिय पेन्सन अभिलेखमा पत्नीको नाम थर Rambha Devi भई फरक परेता पनि उल्लेखित फरक-फरक नाम थर भएको व्यक्ति एउटै भएको भनी रुरुक्षेत्र गाउँपालिका ५ नं. वडा कार्यालय, गुल्मीको च.नं. ४० मिति २०८३/०४/२० गतेको पत्रबाट लेखी आएको हुदा पेन्सन प्रयोजनार्थ सोही बेहोरा प्रमाणित गरिन्छ ।

प्रमुख जिल्ला अधिकारी

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com